आज मिति २०७९।१२।१९ गते पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाको अध्यक्षतामा राजमार्ग सुरक्षा समितिको बैठक देहाय बमोजिमका महानुभावहरुको उपस्थितिमा बसी निम्न बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| अध्यक्ष श्री बन्धु प्रसाद बास्तोला | प्रमुख जिल्ला अधिकारी |
| श्री बाल मुकुन्द विष्ट | प्रमुख सेनानी |
| श्री हेरम्ब शर्मा | प्रहरी उपरिक्षक |
| श्री गोपाल पन्थी | उप-अनुसन्धान निर्देशक |
| श्री उद्धव वन | सशस्त्र प्रहरी नायब उपरीक्षक |
| श्री सविता ज्ञवाली | ईन्जिनियर सिद्धबाबा सुरुङ्ग मार्ग |
| श्री लिला ढेंगा | ना.सु. सिद्धबाबा सुरुङ्ग मार्ग |
| Liang Hao | Tunnel Engineer |
| श्री ई. क्षितिज खनाल | आयोजना निर्माण व्यवसायीको प्रतिनिधि सिद्धार्थ सुरुङ्ग मार्ग |
| ई.युधिष्ठिर पन्थी | आयोजना निर्माण व्यवसायीको प्रतिनिधि सिद्धार्थ सुरुङ्ग मार्ग |

**निर्णयहरु :**

१. सिद्धबाबा सुरुङ मार्ग निर्माण व्यवसायी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले रामापिथेकस पार्क नजिकको क्षेत्रमा सडक डाइभर्सनको कार्य शुरु गरेको र माथिवाट खुकुला ढुंगाहरु पहरोवाट झरि कार्य गर्न जोखिम भएकाले खुकुला ढुंगाहरु खसाल्न सडक यातायात आवागमन वन्द गरी कार्य गर्न स्वीकृतीका लागि योजना प्रमुखवाट पत्राचार भएको बिषयमा विस्तृत छलफल गरियो । राष्ट्रिय महत्वको सुरुङ् मार्ग निर्माणमा सहजीकरण गरि दिन आवस्यक देखिएकोले आवागमन वन्द नगर्दा दुर्घटनाको उच्च जोखिम हुने हुंदा मिति २०७९।१२।२१ गते मंगलबार विहान ११ बजे देखि अपराह्न २ बजेसम्म र राती १० बजे देखि विहान ४ बजेसम्म अर्को सूचना प्रकाशित नभएसम्म (कार्य प्रगतिको आधारमा समय समयमा पुनरावलोकन हुनै) सवारी साधन आवतजावत बन्द गरी सुरक्षित साथ कार्य गर्न स्वीकृती दिने निर्णय गरियो । सो समयमा एम्बुलेन्स लगायत अत्यावश्यकीय सवारी साधन सन्चालनमा अवरोध नहुने गरी कार्य गर्न सम्बन्धित योजना कार्यालयले व्यवस्था मिलाउने ।

२. सडक बन्द हुने बिषयको सूचना प्रभावकारी रुपमा संप्रेषण गरी सम्बन्धित नियामक निकायहरु, समन्वय गर्नु पर्ने निकायहरु, यातायात सेवा कम्पनीहरु र सिद्धार्थ राजमार्ग प्रयोग गरि यात्रा गर्ने सबैलाई पूर्व जानकारी योजना कार्यालयले प्रशारण गर्ने, गराउने निर्णय गरियो ।